स्थानीय राजपत्र

रैनादेवी छहरा गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

खण्डः १, २०७७ साल १० महिना ८ गते, बिहीबार, संख्याः १७

भाग–२

स्थानीय सरकार

रैनादेवी छहरा गाउँपालिका, पाल्पा

कार्यविधिको नाम : रैनादेवी छहरा गाउँपालिकाको निजी जग्गाको माटो वा सामान्य निर्माणजन्य सामग्री बिक्री वितरण गर्नु अनुमति प्रदान गर्ने कार्यविधि, २०७७

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २. ञ. १२, १३ अनुसार सम्बन्धित गाउँपालिकालाई सम्बन्धित क्षेत्रको वातावरण संरक्षण र जैविक विविधता कायम राख्नका साथै वातावरणीय जोखिम न्यूनीकरण गर्ने गराउने दायित्व तोकेकोले सो गर्ने गराउने सन्दर्भमा गरासुधारलाई व्यवस्थित गरी सो कार्य गर्दा संकलन हुने सामान्य निर्माणजन्य सामग्रीको कार्यविधि बमोजिम

विक्रिवितरण गर्न गराउनका लागि लुम्बिनी प्रदेश सरकार, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७६ को परिच्छेद ३ दफा ४ को उपदफा १ मा भएको व्यवस्था बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी रैनादेवी छहरा गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम **"निजी जग्गाको माटो वा सामान्य निर्माण जन्य सामग्री बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि रैनादेवी छहरा गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि रैनादेवी छहरा गाउँपालिका भित्र रहेका निजी स्वामित्वको जग्गामा गरासुधारका लागि आवश्यक पर्ने उपकरणको प्रयोगबाट गरिने कार्य गर्दा संकलन हुनेसामान्य निर्माणजन्य पदार्थको बिक्रिवितरणका लागि लागू हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यालय"** भन्नाले रैनादेवी छहरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(ख) **"अनुगमन समिति"** भन्नाले रैनादेवी छहरा गाउँपालिकाको गाउँपालिका स्तरीय अनुगमन समितिलाई जनाउने छ ।

(ग) **"गाउँपालिका"** भन्नाले रैनादेवी छहरा गाउँपालिकालाई जनाउनेछ ।

(घ) **"सामान्य निर्माणजन्य पदार्थ"** भन्नाले भूगर्भ वा भ-ूसतहमा रहेको माटो, ढुङ्गा, ग्राभेल, मिस्कट, बालुवा र गिट्टी समेतलाई जनाउने छ ।

(ङ) **"खनिज पदार्थ"** भन्नाले गरासुधारका क्रममा निस्कने ढुंगा, गिट्टी, वालुवालाई जनाउने छ ।

च) **"नदिजन्य पदार्थ"** भन्नाले ढुङ्गा, गिट्टी र वालुवालाई जनाउने छ ।

३. कार्यविधिको आवश्यकताः

(क) निजी स्वामित्वमा रहेको जग्गामा व्यवस्थित गरासुधार गरी कृषि उत्पादन वृद्धिमा सहयोग पुऱ्याउन ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २. ञ. १२, १३ एवं प्रदेश कानून बमोजिम निजी जग्गामा उत्पादन भएको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा समेतमा कर लगाउन सक्ने कानूनी अधिकारको समुचित प्रयोग गर्दै राजश्व चुहावट हुनवाट रोक्न ।

४. कार्यविधिको उद्देश्य :

(क) निजी जग्गामा गरा सुधार गरी कृषि उत्पादनमा सुधार ल्याउने।

(ख) निजी जग्गामा गरा सुधार गर्दा व्यवस्थित तवरबाट गर्ने।

(ग) निजी जग्गामा गरा सुधार गर्दा संकलन हुने सामान्य निर्माणजन्य सामग्री व्यवस्थित रुपमा बिक्रिवितरण गर्ने।

(घ) निजी स्वामित्वमा रहेको जग्गालाई खेतियोग्य वनाउन सहयोग पुऱ्याउने ।

(ङ) निजी जग्गामा एक प्रकारको उत्पादन प्रणालीबाट अर्को प्रकारको उत्पादन प्रणालीमा जान चाहने कृषकलाई सहजीकरण गर्ने ।

(च) अव्यवस्थित गरासुधारबाट स्थानीय पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई गरासुधार पूर्व आँकलन गरी नकारात्मक प्रभाव घटाउने कियाकलाप सहित गरा सुधार कार्य व्यवस्थित गर्ने ।

५. कार्यविधि लागू हुने क्षेत्र :

यो कार्यविधि रैनादेवी छहरा गाउँपालिकामा रहेको निजी स्वामित्वको जग्गामा यान्त्रिक उपकरणको प्रयोग समेतबाट भू-पदार्थ गरा सुधार गरिने कार्यका लागि मात्र लागू हुनेछ ।

परिच्छेद-२

६. अनुमति लिनु पर्नेः

रैनादेवी छहरा गाउँपालिका क्षेत्रभित्र रहेका जुनसुकै जग्गा धनिले भारी यान्त्रिक उपकरणको प्रयोग गरी देहायको कार्य गर्दा गराउँदा रैनादेवीछहरा गाउँ कार्यपालिकाको कार्यालयबाट अनुमति लिनु पर्नेछ ।

(क) विभिन्न माध्यमबाट संकलन भएको खनिज पदार्थ।

(ख) खेत वा वारी -गरा) सम्माउने कार्य ।

(ग) माछा पोखरी निमार्ण गर्ने कार्य ।

(घ) गरासुधारबाट निस्कने साधारण निमार्णजन्य खनिज पदार्थ एक स्थानबाट अर्को स्थानमा ओसार पसार गर्ने कार्य ।

७. अनुमति माग गर्ने विधिः

अनुमति माग गर्ने निवेदकले देहायको कागजात सहित अनुसूचि १ बमोजिमको ढाचाँमा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१. जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि १
२. नेपाली नागरिकताको प्रतिलिपि १
३. सम्बन्धित वडाबाट चौकिल्ला खुलेको सिफारिस पत्र १
४. मालपोत तिरेको रसिदको प्रतिलिपि १
५. जग्गाको कित्ता नम्वर खुलेको नाप नक्साको प्रतिलिपि
६. माछापोखरी निमार्णको हकमा, कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा, सो निकायको सिफारिस पत्र ।
७. गरा सुधार गर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनिको सहमति ।
८. अन्य निकायबाट अनुमति/सहमति लिनुपर्ने भएका सो सम्बन्धी कागजात ।

परिच्छेद-३

८. अनुमति प्रदान गर्ने विधि:

परिच्छेद २ को ७ बमोजिम रित पूर्वकको निवेदन प्राप्त भएपछि कार्यालयले देहाय बमोजिको कार्यविधि पूरा गरी कागजात पूरा भएको पश्चात अनुमति दिन सक्ने छ ।

(क) निवेदन उपर छानविन तथा जग्गाधनिको सनाखत गर्ने ।
(ख) सामाजिक तथा वातावरणीय पक्षको अनुसूचि २ बमोजिमको ढाचाँमा स्थलगत रुपमा टोल विकास संस्था र वडा सदस्यको रोहवरमा भेला गराई लेखाजोखा गर्ने । यसरी गरिएको लेखाजोखाबाट सम्भाव्य देखिएमा मात्र अनुमतिका लागि थप कारवाही अगाडि बढाउनु पर्ने छ ।
(ग) प्राविधिक कर्मचारीबाट गरा सुधार गर्दा संकलन हुने सामान्य निमार्णजन्य खनिज पदार्थको परिमाण र ओसार पसार हुने परिमाणको एकिन गर्ने गरासुधार गर्न मिल्ने वा नमिल्ने प्राविधिक अनुगमन प्रतिवेदन ।

(घ) गरासुधार गर्दा निस्कने पदार्थहरुको कुल परिमाण मध्ये ओसार पसार हुने माटो वा साधारण निमार्णजन्य खनिज पदार्थको परिमाण एकिन गरी दफा ११ अनुसार तोकेको दरमा गापा राजश्व बुझाउने ।

(ङ) राजश्व दाखिला भई सकेपछि गरासुधार गर्ने यान्त्रिक उपकरणको विवरण र ओसार पसारमा संलग्न गरिने सवारी साधनको विवरण लिई गरासुधार तथा ओसार पसार गर्न लाग्ने अवधि एकिन गरी कार्यलयले अनुमति दिन सक्नेछ ।

९. म्याद थप गर्न सकिनेः

पहिलो पटक निश्चित अवधि तोकी गरासुधार तथा ओसार पसार गर्ने अनुमति प्रदान गरिएको म्याद भित्र कार्य सम्पादन हुन नसकेको कुनै मनासिव कारण देखाई म्याद थपका लागि कार्य सम्पादनको प्राविधिक प्रतिवेदन र वडा समितिको सिफारिस समेत संलग्न गरी माग भएमा कारण मुनासिव भए बाकी रहेको कार्य सम्पादन गर्न लाग्ने अवधिका लागि कार्यालयले म्याद थप गर्न सक्नेछ ।

१०. विवरण हेरफेर गर्न सकिनेः

गरासुधार तथा ओसार पसारका लागि अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकारण तथा सवारी साधनको विवरण उचित कारण सहित हेरफेर गर्न माग भएमा औचित्यका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछ ।

परिच्छेद-४

११. राजश्व तथा शुल्क सम्बन्धी व्यवस्था

४.१.१ माटो गरासुधार् वापत प्रति घन फुट रु. १।- राजश्व लाग्ने छ ।

४.१.२ नदीजन्य पदार्थ गरासुधार् वापत प्रति घन फुट रु. ३।- राजश्व लाग्ने छ ।

४.१.३ उल्लेखित दर रेटमा मु.अ.कर र आय कर समावेश छैन ।

४.१.४ गाउँपालिकाको आर्थिक ऐनमा उल्लेखित दर वृद्धि भएमा सोही बमोजिम हुनेछ ।

१२. गरा सुधारका लागि शर्त तथा मापदण्डहरु :

गरासुधारका लागि अनुमति प्राप्त व्यक्तिले प्रस्तावित स्थलमा गरासुधार गर्दा देहाय बमोजिमका शर्त तथा मापदण्डहरु पालना गर्नु पर्नेछ ।

(क) गरासुधार अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण र सवारी साधनको मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) माछा पोखरी निमार्णको हकमा बढीमा ६ फिटसम्म गहिराईमा गरासुधार गर्नु पर्नेछ ।

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र गरासुधार गर्नु पर्नेछ ।

(घ) डाँडा खाला मिलाई खेतियोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उँचा भागलाई हटाउने सम्मको परिमाण सम्म गरासुधार गर्नु पर्नेछ ।

(ङ) ग्रेग्रान गिट्टी बालुवा हटाई जमिन सुधार गर्न वा खेतियोग्य बनाउन प्राविधिक नाप जाँच भएको परिमाण मात्र हटाउनु पर्नेछ र शर्त उल्लघन गरी खाडल पुर्नु पर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धित पक्षले गर्नु पर्नेछ ।

(च) गरासुधार कार्य बिहान ६ बजेबाट साँझ ६ बजे सम्म मात्र गर्नु पर्नेछ ।

१३. **अनुमति दिन नसकिने :** देहायको अवस्था र जग्गामा अनुमति दिन सकिने छैन ।

(क) नदीजन्य पदार्थ गरासुधार गर्न निषेध भएको क्षेत्र ।
(ख) गाउँपालिकास्तरिय अनुगमन समितिको सिफारिसमा गापाको निर्णयबाट निषेध गरेको क्षेत्र ।
(ग) सरकारी प्रति जग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रहि भोगाधिकार मात्र प्राप्त भएको जग्गा ।
(घ) निजी जग्गाको चौकिल्ला मध्ये कुनै किल्लामा सरकारी सार्वजनिक जमिन रहेछ भने सरकारी सार्वजनिक जग्गावाट १० मिटर दुरीको निजी जग्गावाट ।
(ङ) कुनै जग्गामा प्रस्तावित गरासुधारले प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राविधिक प्रतिवेदनले औल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।
(च) कार्यालयबाट गरिने सामाजिक तथा वातावरणीय लेखाजोखाले अनुपयुक्त देखाएको जग्गा ।

१४. **ओसार पसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डहरु :**

अनुमति लिई गरासुधारबाट निस्केको पदार्थहरु अन्यत्र ओसार पसार गर्ने गरी अनुमति भएको रहेछ भने त्यस्ता अनुमति प्राप्त व्यक्तिले ओसार पसार गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

(क) गरासुधार स्थलबाट अन्यत्र ओसार पसार गरिने पदार्थहरुको गरासुधारकर्ताले कानूनले तोकेको नमूनाको पटके बिक्री आदेश र बिजक संगै जारी गर्नु पर्नेछ । सो को अभिलेख तोकिएको ढाँचाको खातामा राखि पटके बिक्री आदेशको एक प्रति र सो को परिमाण खुल्ने तेरीज तयार गरी कार्य सम्पन्न हुने बित्तिकै गापामा अनिवार्य

रुपमा पेश गर्नु पर्नेछ । खाता तथा आवश्यक कागजात गापा.बाट नमुना लिई गरासुधारकर्ताले आफै छपाई गर्नु पर्नेछ ।

(ख) गरासुधार स्थलबाट पदार्थ ओसार पसार गर्दा विहान ६ बजे देखि साँझ ६ बजे सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(ग) गरासुधार भएको पदार्थ ढुवानी गर्ने सवारी, साधनहरुमा १०० घनफिट सम्मको ट्रेक्टर २६० घनफीट सम्मको ट्रक/टिपर गाडी मात्रको प्रयोग गर्न पाउनेछ ।

(घ) पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

(ङ) पदार्थ ढुवानी गर्ने सवारीले गरासुधार स्थलबाटै ढाकेर लैजानु पर्नेछ र राजमार्ग बाहेकका भित्री सडकमा सवारीको गति प्रचलित नियमानुसार चलाउनु पर्नेछ ।

(च) ओसार पसार गर्ने भित्री बाटोहरुमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य गरासुधारकर्ताले नै गर्नु पर्ने छ ।

(छ) स्थानीय नागरिकहरुबाट भएका गरासुधार तथा ओसार पसार सम्बन्धमा कुनै गुनासो राखेमा सो को व्यवस्थापन गरासुधारकर्ताले नै गर्नु पर्नेछ ।

(ज) गरासुधार स्थलमा तोकिएको विवरण सहितको सूचनापाटी राख्नु पर्नेछ ।

(झ) सडकको भार बहन क्षमता अनुसारको सवारी साधन मात्र प्रयोग गर्नु पर्नेछ ।

(ञ) ओसार पसारका लागि लोड भएको सवारी गन्तब्यमा नपुगुन्जेल सडक किनारामा रोकी राख्न पाइने छैन ।

परिच्छेद-५

१५. शर्त उल्लघन गर्ने उपरको कारवाही :

गरासुधार र ओसार पसार गर्दा पालना गर्नुपर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाइएमा त्यस्तो गरासुधारकर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम हुनेछ।

(क) तोकिएको स्थानमा बाहेक अन्यत्र गरासुधार गरकोमा तत्काल अनुमति पत्र खारेज गरी गरासुधार गरेको परिमाणको हुने राजश्व र सोही बरावरको थप रकम बुझाउन लगाई गरासुधार गरेको स्थलको खाडल पुर्नु पर्ने छ।

(ख) स्वीकृत भएको परिमाण र गहिराई भन्दा बढी गरासुधार गरेमा बढी गरासुधार गरेको तत्काल अनुमति पत्र खारेज गरी गरासुधार गरेको परिमाणको हुने राजश्व र सोही बरावरको थप रकम बुझाउन लगाई गरासुधार गरेको स्थलको खाडल पुर्नुपर्नेछ।

(ग) अनुमतिमा तोकिएका साधन बाहेक अन्य साधनबाट गरासुधार तथा ओसार पसार गरेमा वा यस कार्यविधिको दफा २० बमोजिम कार्यालयले दिएको निर्देशन पालना नगर्ने गरासुधारकर्ता तथा ओसारपसार कर्तालाई प्रदान गरिएको अनुमति पत्र तत्काले खारेज गरिने।

(घ) कार्यविधि विपरीत अवैध रुपमा माटो तथा अन्य निर्माण जन्य खनिज (नदीजन्य समेत) पदार्थ गरासुधार् तथा ओसार पसार गरेको पाइएमा प्रचलित कानून बमोजिम जरिवाना गरिने छ।

परिच्छेद-६

१६. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था :

यस कार्यविधि बमोजिम गरिएका काम कारवाहीको अनुगमन गर्न देहाय बमोजिमका संयन्त्र परिचालन गरिनेछ ।

(क) **गाउँपालिकाबाट गरिने अनुगमन:** गाउँपालिका उपाध्यक्ष संयोजक रहेको गाउँ पालिका स्तरीय अनुगमन समितिबाट जुनसुकै बेला गरासुधार तथा ओसारपसार कार्यको अनुगमन गर्नसकिनेछ। यो अनुगमनबाट भएको निर्देशन कार्यालय र गरासुधारकर्ता र ओसार पसार गर्ने पक्षले पालना गर्नु पर्नेछ । अनुगमन समितिमा निम्न अनुसारका सदस्य रहनेछन ।

क) गाउँपालिकाको उपाध्यक्ष- संयोजक

ख) विषयगत समितिको संयोजक -सदस्य

ग) सम्बन्धित क्षेत्रको का.पा. सदस्य-सदस्य

घ) गाउँपालिकाको ईन्जिनियर-सदस्य

ङ) गाउँपालिकाको राजश्व शाखा प्रमुख-सदस्य सचिव

च) अनुगमन समितिमा नजिकको सुरक्षा निकायको प्रतिनिधि र आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

(ख) **कार्यालयबाट गरिने अनुगमन:** अनुमति प्रदान गरी सकेपछि कार्यालयले तोकेको कर्मचारी सहितको टोली बनाई उक्त टोलीबाट कार्य प्रारम्भ गर्न लाइन दिने अवस्थामा, कार्य प्रारम्भ भई सकेपछि बीच वीचमा र कार्य सम्पन्न भई सकेपछि अनुगमन गर्नु पर्नेछ। यसरी

गरिएको पटक पटकको अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्ने दायित्व सदस्य सचिवको हुनेछ ।

परिच्छेद-७

विविध

१७. **धरौटी राख्न लगाउन सक्ने :** अनुमति प्रदान गर्नु पूर्व अनुमति माग गर्ने पक्षबाट शर्त उल्लघन गर्न सक्ने हुनाले कार्यालयले अनुमतिका लागि लाग्ने राजश्व बरावरको रकम धरौटी स्वरुप राख्न लगाउन सक्नेछ ।

१८. **धरौटीबाट असुलउपर गर्न सक्ने :** यस कार्यविधि बमोजिम अनुमति प्रदान गरिएको कुनै कार्यमा अनुमति प्राप्तकर्ता १५ बमोजिम कारवाहीमा परी निर्धारित थप रकम नबुझाएमा वा निजले भर्नु पर्ने कुनै दायित्व पुरा नगरेमा धरौटी रकमबाट असुल उपर गरिनेछ ।

१९. **धरौटी फिर्ता सम्बन्धी व्यवस्था :** अनुमति बमोजिमको गरासुधार तथा ओसार पसार गर्ने कार्य सम्पादन भए पछि निजको कुनै दायित्व नभएमा ३५ दिन भित्र धरौटी राखेको रकम कार्यालयले फिर्ता दिनेछ ।

२०. **निर्देशन पालना गर्नु पर्ने :** गरासुधार तथा ओसार पसार कार्यको अनुमति प्राप्त व्यक्ति संस्थाले प्राप्त गरेको अनुमति पत्रमा जुन सुकै शर्त उल्लेख भएको भए तापनि कार्यालयले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

२१. **प्रदेश कानून वमोजिम हुने :** गरासुधार तथा ओसारपसार कार्य सम्वन्धमा प्रदेश कानून निर्माण भई व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

अनसूचि-१
रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा

स्थलगत रुपमा सामाजिक तथा वातावरणीय लेखाजोखा गर्ने फाराम

(दफा ८ संग सम्बन्धित)

निजी जग्गामा यान्त्रिक उपकरणको प्रयोग गरी माछापोखरी निमार्ण गर्ने/इटा उद्योग सञ्चालन गर्ने, जग्गा विकास गरी खेतीयोग्य बनाउने कार्यका लागि प्रारम्भिक चरणमा सम्बन्धित प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा गरीएको संभाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन ।

१. निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा गरिएको सत्य तथ्य प्रमाणीकरण ।

(क) निवेदक जग्गा धनीको नाम थर :

सम्पर्क फो.न. :

(ख) ठेगाना : रैनादेवी छहरा गा.पा.

वार्ड.नं......... टोल :..

(ग) माछा पोखरी बनाउने/जमिन सम्याउने/गरासुधार गर्ने/इट्टा उद्योग सञ्चालन स्थलको ठेगाना :........................

(घ) प्रस्तावित माछापोखरी निमार्ण/इटा उद्योग निर्माण गरीने जग्गाको कि.नं. क्षेत्रफल :..................

(ङ) ...... वडा कार्यालयको सिफारिस

मिति.................. च.न.......

(च) माछा पोखरी बनाउने/जमिन सम्याउने/गरासुधार गर्ने /इट्टा उद्योग सञ्चालन गर्नु पर्नाको कारण :

(निवेदकको भनाईमा) ....

(छ) माछा पोखरी बनाउने/जमिन सम्याउने/गरासुधार गर्नु पर्नाको कारण: (प्राविधिक कर्मचारीको भनाइमा)

....

(ज) उल्लेखित विवरण मैले सम्बन्धित कार्य स्थलमा गै सत्य तथ्य बुझि पछिसम्म फरक नपर्ने गरी तयार गरेको छु भनि सहि गर्ने कर्मचारीको

नाम थर : पद :

दस्तखत: मिति :

२. <u>प्राविधिक लेखाजोखा सम्बन्धी गरिएको सत्य तथ्य प्रमाणीकरण ।</u>

(क) प्रस्तावित माछा पालन वा अन्य प्रयोजनका लागि गरासुधार् गरिने स्थानको क्षेत्रफल :

१. कुल लम्बाई चौडाई उचाई

(ख) गरासुधार् गर्दा निस्कने सबै पदार्थको कुल परिमाण :

(ग) निमार्ण स्थलबाट हटाउनु पर्ने वा वाहिर निकासी गर्नु पर्ने भू-पदार्थको कुल परिमाण :

१. हटाउनु पर्ने परिमाणको विवरण : माटो .... मिस्कट............. बालुवा .... अन्य...........

२. दैनिक ओसार पसार हुने कुल परिमाण :

३. ओसारपसार गरी लैजाने स्थान :....

४. गरासुधार् गर्न प्रयोग गरिने यन्त्र औजार : गाडी नं.

५. बोकी लैजाने सवारी साधनहरु :.... गाडी नं. गाडी नं.

६. स्वउपयोगबाट बँचेको पदार्थ हटाई लैजान लाग्ने अवधि :

(घ) गरासुधार् कार्य सम्पन्न हुने प्रस्तावित मिति :

(ङ) कार्य सम्पन्न भए पछि निरीक्षण गराउने मिति :

उल्लेखित सवै विवरण गाउँ पालिकाबाट खटिएका कर्मचारीले मेरो उपस्थितिमा नाप जाँच गरी भरेका हुन भनि सहि गर्ने जग्गा धनिको नाम थर : दस्तखतः मितिः

उल्लेखित सवै विवरणहरु मैले सम्बन्धित स्थलमा गै जग्गा धनिको रोहवरमा तयार गरेको हुँ सबै विवरणहरु सहि सत्य छन भनि सहि गर्ने कर्मचारीको नाम थर : दस्तखतः मिति :

३. सामाजिक लेखाजोखा सम्बन्धी गरिएको सत्य तथ्य प्रमाणीकरण ।

(क) माछा पोखरी बनाउने/जमिन सम्याउने/गरासुधार गर्ने /इट्टा उद्योग सञ्चालन गरिने जग्गाको चौकिल्लाका सधियारहरुको विवरण र मन्जुरी हाम्रो जग्गाको साँध सिमानामा रहेको जग्गा धनि श्री..............................को जग्गामा निजले .... कार्य गर्ने प्रस्ताव गरेको कुरा थाहा भयो । निजले सो कार्य गरेमा हामी चार किल्लामा रहेका तपशिलका जग्गा धनिहरुलाई कुनै आपत्ति छैन भनि गाउँ पालिकाका ....पदका कर्मचारी श्री.......................... ....को रोहवरमा मन्जुर गरी दस्तखत गरि दियौ ।

दिशा	चार किल्लाका जग्गा धनिको नाम थर	दस्तखत
पूर्व	श्री	
पश्चिम	श्री	
उत्तर	श्री	
दक्षिण	श्री	

रोहवरः

श्री... पद. दस्तखत :

(ख) गरासुधार भै निस्कने पदार्थहरु ओसार पसार गरी लैजाने स्थानीय सहायक मार्गको नाम :

(ग) उक्त मार्ग वरि परि बस्ने स्थानीय वासीको प्रतिक्रिया :

(घ) ओसार पसारका क्रममा पर्न सक्ने वातावरणीय असरहरु :

(ङ) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनु पर्ने सावधानीहरु :
१.
२.

(च) प्रस्तावित पोखरी निमार्ण स्थल कुनै सांस्कृतिक , पुरातात्विक वा अन्य संरक्षित क्षेत्र वा निषेधित क्षेत्रमा पर्ने वा नपर्ने कुरा : (पर्ने भए के कस्तो हो उल्लेख गर्ने)

४. स्थलगत अध्ययन गरी सवै विवरणहरु ठिक भएकाले .... गर्न अनुमति दिन उपयुक्त छ भनि सहि गर्ने
कर्मचारीको नाम थर : पदः
दस्तखत : मिति :

५. **प्राविधिक प्रमुखको राय** :

स्थलगत अध्ययन विवरण र प्राविधिक नाप जाँचका आधारमा .... अनुमति दिन मनासिव भएकोले सिफारिस गर्दछु ।

प्राविधिक प्रमुखको नाम थर :

दस्तखत : मितिः छाप :

६. **राजश्व शाखाको राय** :

राजश्व निर्धारण :...... राजश्व बुझाएको विवरण : गा.पाको नगदी रसिद नं........................वा .... शाखा स्थित रैनादेवी छहरा गा.पाको खाता नं.................मा मिति...........मा नगदी रु................. अक्षरेपी.......................दाखिला भएको देखिन्छ ।
दस्तखत :..... मिति :

७. स्थलगत प्राविधिक अध्ययन तथा सामाजिक लेखाजोखाका आधारमा भारी यान्त्रिक उपकरण प्रयोग गरी ....प्रयोजनका लागि गरासुधार गर्न स्वीकृति दिने अधिकारीको
दस्तखत : नामः
पदः मिति :

अनुसूची-१
(दफा ७ संग सम्बन्धित)
(निजी जग्गामा गरा सुधारका लागि जग्गा धनिले गाउँ कार्यपालिकाको कार्यालयमा दिने निवेदनको ढाँचा)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
रैनादेवीछहरा गाउँ कार्यपालिकाको कार्यालय, छहरा, पाल्पा ।

मिति :

विषय : निजी जग्गा गरासुधार गरी निस्कने पदार्थ हटाई पाउँ ।

मेरो नाममा दर्ता कायम रहेको जिल्ला पाल्पा.................... गा.पा. वडा नं .... स्थित कि.नं..............को अन्दाजी जग्गा .... मा .... कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी गरासुधार गर्ने अनुमति पाउन सादर अनुरोध गर्दछु ।गरासुधार बाट निस्कने पदार्थहरु अन्यत्र ओसार पसार गर्ने/नगर्ने भएकोले नियमानुसार दस्तुर लिई अनुमति पाउन अनुरोध गर्दछु । आबश्यक प्रमाणहरु निम्नानुसार रहेको छ ।

तपशिल

२. नेपाली नागरिकताको प्रतिलिपि १
३. सम्बन्धित वडाबाट चौकिल्ला खुलाई गरिएको सिफारिस १
४. मालपोत तिरेको रसदिको प्रतिलिपि १
५. कि.नं देखिने नाप नक्सा प्रतिलिपि १

निवेदकको नाम थरः-
ठेगाना :-
दस्तखत :-
मिति :-
मोवाईल फोन नं :-

प्रमाणिकरण मितिः २०७८/१०/०८

आज्ञाले
इन्द्र बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत